शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

वर्ष: १० | अङ्क : ११२ | २०८१ भदौ १७ गते सोमबार | 2 Sep. 2024, Monday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रू.: ५-

## विकास निर्माणले तीब्रता पाउँछ : मन्त्री दाहाल



बुटवल । सरकारले पुराना योजनाहरुको वक्यौता रकम भुक्तान गरी निर्माणको कार्यलाई आगामी महिनादेखि तिब्रता दिने जनाएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले भुक्तानी गर्न बाँकी रहेका योजनाहरुको महिना दिनभित्रै समस्या हल गरी असोज महिनादेखि पूर्वाधार निर्माणको कार्यले तिब्रता पाउने दाबी गरे । प्रेस चौतारी नेपाल रुपन्देहीले आइतबार बुटवलमा गरेको पत्रकार सम्मेलनमा बोल्दै मन्त्री दाहालले राजश्व संकलनमा कमी आएका कारण पुराना योजनाहरुको भुक्तानीमा केही समस्या भएको स्वीकार गर्दै उक्त समस्या हल गर्न प्रधानमन्त्री केपी शर्मा ओली तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलबाट प्रतिवद्धताहरु आएको र सोही अनुसार काम अघि बढेकाले महिना दिनभित्रै समस्यको हल हुने उल्लेख गरे । सरकारले नयाँ योजनालाई अघि बढाउने भन्दा पनि पुराना योजनाहरुलाई सम्पन्न गर्नेतर्फ ध्यान केन्द्रित भएको उल्लेख गर्दै मन्त्री दाहालले असोजपछि निर्माण कार्यलाई तिब्रताकासाथ अघि बढाइने बताए । बुटवल-पाल्पा सडक खण्ड अन्तरगत निर्माणाधिन सिद्धबाबा सुरुङ मार्गको कार्यप्रगति बारे जानकारी लिएपछि मन्त्री दाहालले अबको सय दिन भित्रै ब्रेक थ्रु हुनेगरी तिब्रता दिन निर्देशन गरिएको जानकारी गराए । निर्माण कम्पनीले तोकिएको समयभन्दा पनि कम समयमा निर्माण सम्पन्न गर्नेगरी तिब्रताका साथ काम गर्न आफूले आग्रह गरेको उनले बताए । बिकास निर्माणका कार्यहरुमा ढिलासुस्ती हुन्छ भन्ने आम धारणालाई सिद्धबाबाको सुरुङ मार्ग निर्माणको योजनाले चिर्न सक्ने अपेक्षा गरिएको उनले बताए । यसैगरी बुटवल-नारायणगढ सडक बिस्तारमा भएको ढिला सुस्ती बारे निर्माण कम्पनीसँग छलफल गरिएको जानकारी गराउँदै उनले निर्धारित समयमा काम सम्पन्न नगरे ठेक्का तोडिने जानकारी गराए । निर्माण कम्पनीले विभिन्न समस्याहरु देखाएर सरकार समक्ष समय थपको प्रस्ताव ल्याएको भएपनि उक्त समस्या सरकारका कारणले नभई स्वयम् निर्माण कम्पनीका कारण भएकोहुँदा कुनै पनि हालतमा छुट दिन नसकिने मन्त्री दाहालले बताए ।

**सरकारले नयाँ योजनालाई अघि बढाउने भन्दा पनि पुराना योजनाहरुलाई सम्पन्न गर्नेतर्फ ध्यान केन्द्रित भएको उल्लेख गर्दै मन्त्री दाहालले असोजपछि निर्माण कार्यलाई तिब्रताकासाथ अघि बढाइने बताए ।**

भौतिक मन्त्री दाहालले सरकारमा जो आए पनि उस्तै त हो नि भन्ने जनतामा रहेको धारणालाई तोड्ने गरी सरकारले बिकास निर्माणको कामलाई अघि बढाउने प्रतिवद्धता गरे । 'सरकारमा जो आए पनि उस्तै त हो, भन्ने जुन मनोविज्ञान छ, त्यस्तो मनोविज्ञान बनाउने प्रयास पनि गरिएको छ । अब यसलाई वर्तमान सरकारले तोड्नु छ ।'-मन्त्री दाहालले भने, दुई ठूला दल मिलेर सरकार गठन भएको हुँदा सरकार कसरी टिकाउने भन्ने चिन्ता हामीलाई छैन, अब बिकास निर्माणमा हाम्रो ध्यान केन्द्रित गरेका छौं ।' मन्त्री दाहालले सिद्धबाबा सुरुङ मार्गको कार्यप्रगति बारे जानकारी लिएपछि बुटवल-नारायणगढ सडकको स्थलगत निरीक्षणमा पुगेका छन् ।

## सामुहिक बलात्कार गर्ने तीन जना पक्राउ




**गौतमबुद्ध सन्देश**

भैरहवा, १६ भदौ ।

एउटी किशोरीलाई जागिरको प्रलोभनमा फकाएर जबरजस्ती करणीको आरोपमा कोटहीमाई गाउँपालिकाका दुई कर्मचारी सहित ३ जनालाई रुपन्देही प्रहरीले नियन्त्रणमा लिएको छ । पीडित पक्षको उजुरीको आधारमा प्रहरीले शनिवार उनीहरुलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी पवक्ता डिएसपी मनोहर भट्टका अनुसार आईतवार पक्राउ परेका तीनै जनालाई रुपन्देही जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी थुनामा राखिएको छ । पक्राउ पर्नेमा कोटहीमाई गाउँपालिकामा कार्यरत कर्मचारी मनोहर चौधरी, मुकेश चौधरी र वडाध्यक्ष बिणुनारायण पाण्डेका छोरा शैलेश पाण्डे पक्राउ परेका हुन् । उनीहरुले स्थानीय १९ बर्षकी किशोरीलाई सामुहिक बलात्कार गरेको शनिवार दायर गरिएको जाहेरीमा उल्लेख गरिएको छ । १२ कक्षामा अध्ययनरत ती किशोरीलाई जागिर र तालिमको लागि कुरा गर्ने भन्दै लुम्बिनीस्थित होटल जस्तै घरमा लगेर रातभर पालैपालो बलात्कार गरिएको जाहेरीमा उल्लेख छ । यहि भदौ ५ गते अपरान्ह ५ बजेतिर मुकेशले आफ्नै मोटरसाईकलमा राखेर किशोरीलाई लुम्बिनी लगेका थिए । भोलिपल्ट बिहान उनलाई छाडिएको थियो ।

ती किशोरीलाई घटनाबारे कसैलाई नबताउन दवाव दिइएको थियो । यद्यपि उनले विस्तारै आफूमाथि भएको अन्यायबारे मुख खोलिन् । उक्त जानकारी पाएपछि स्थानीयले अभियुक्त तीनै जनालाई समातेर कुटपीट समेत गरेका थिए । झण्डै २५-३० जनाको समूहले कुटपीट गर्दा उनीहरु तीनै जना घाईते भएका छन् । घटनामा वडाध्यक्षका छोरा समेत संलग्न भएकाले राजनीतिक हस्तक्षेप हुन सक्ने आशंका स्थानीयले गरेका छन् ।

## वायु प्रदूषणका कारण बर्सेनि ४८ हजारभन्दा बढी नेपालीको मृत्यु



काठमाडौँ । नेपालमा वायु प्रदूषणका कारण बर्सेनि ४८ हजार भन्दा बढी नेपालीको मृत्यु हुने गरेको पाइएको छ । काठमाडौँ उपत्यकामा मात्रै वर्षमा ५ हजारभन्दा बढीको मृत्यु हुने गरेको विभिन्न अध्ययनहरूले देखाएको वातावरणविद् भूषण तुलाधरले जानकारी दिए ।

'वायु प्रदूषणले बालबालिका, महिला र सीमान्तकृत समुदायमा परेको असरसम्बन्धी एक अन्तरक्रिया कार्यक्रम' मा बोल्दै तुलाधरले काठमाडौँको प्रदूषण विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड भन्दा ८ गुणा बढी रहेको समेत बताए । तुलाधरका अनुसार विश्वमा ९९ प्रतिशत मानिसहरू प्रदूषित वायु भएको ठाउँमा बस्ने गरेका छन् । 'वायु प्रदूषणकै कारण विश्वभर प्रत्येक वर्ष ८१ लाख मानिसको मृत्यु भएको छ, वातावरणविद् तुलाधरले भने, 'यी मध्ये ९० प्रतिशत मृत्यु कम र मध्यम आय भएका देशहरूमा हुने गरेको छ ।'सन् २०२१ को तुलनामा सन् २०२२ मा नेपालको वायु प्रदूषण करिब १८ प्रतिशतले घटेको छ । तर, अझै पनि नेपालको वायु प्रदूषण विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड भन्दा ८ गुणा बढी छ । यसलाई घटाएर विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड पुर्‍याउन सके हरेक नेपालीको आयु ३ दशमलव ४ वर्ष र काठमाडौँबासीको उमेर २ दशमलव ६ वर्ष बढ्ने विभिन्न अध्ययनहरूले देखाएको तुलाधरले बताए । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा.समीरकुमार अधिकारीका अनुसार नेपालमा जलवायु परिवर्तनको असर चरम मौसमी घटनाबाट अनुभव गर्न सकिन्छ । हाल दिन र रात दुवै पहिलेका तुलनामा तातो भइरहेका छन् । अर्थात् चिसो दिन र रातको सङ्ख्या कम हुँदै गएको पाइन्छ ।

अधिकारीले भने, 'विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०३० देखी २०५० को बिचमा जलवायु परिवर्तनले मलेरिया, कुपोषण, झाडापखाला र गर्मीका कारण थप दुई लाख पचास हजार मान्छेको मृत्यु हुने अनुमान छ ।'

काठमाडौँमा सबैभन्दा बढी सवारी साधनले नै वायु प्रदूषण गराएको उनको भनाइ छ । हाल जलवायु तथ्याङ्क आदान प्रदान गर्न स्वास्थ्य सेवा विभाग र जल तथा मौसम विज्ञान विभाग बिच सम्झौता भएको पनि अधिकारीले बताए । कान्ति बाल अस्पतालका चिकित्सक डा.जगतजीवन घिमिरेले दक्षिण एसियामै नेपालका बालबालिका वायु प्रदूषणको बढी जोखिममा परेको बताए ।

**सिद्धार्थनगर नगरपालिकाको अनुरोध**

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरुवाहरू रोपी हरियाली प्रबर्द्धन गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरुको संरक्षण गरी प्रवर्द्धनमा टेवा पुऱ्याऔं ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सबै प्रकारका व्यापार, व्यवसाय, उद्योग, कल कारखाना अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण गराई मात्र सञ्चालन गरौं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।

**सिद्धार्थनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही

# सम्पादकीय

## बाबुको महत्व


आज कुशे औँशी तथा बाबुको मुख हेर्ने दिन। पछिल्ला दिनहरुमा आजको दिनको महत्व बढ्दै गएको छ। वैदिक सनातन हिन्दु संस्कारमा कुशको निकै ठूलो महत्व रहेको छ। कुश एक बहुगुणकारी वनस्पति हो। हरेक देव तथा पितृ कार्यमा आवश्यक पर्ने कुशको जराबाट विभिन्न औषधी बन्ने गरेको छ भने कुशले खराव विकिरण नष्ट गर्ने क्षमता राख्दछ। कुशको आसनमा बस्दा रक्तचाप र मुटुसम्बन्धि समस्या कम हुने, विकिरणहरु कुशले खिच्ने हुँदा निकै उपयोगी हुने वैज्ञानिक सोधले समेत देखाएको छ। आजकै दिनमा खेत खलियान तथा जंगलमा रहेको पवित्र वनस्पति कुश ल्याएर घरमा राख्ने गरिन्छ। कुश घरमा राख्ने मात्र होइन आजकै दिनमा बाबुको मुख हेर्ने प्रचलन पनि छ। शुरुवातमा नेवारी परम्परा रहेको बाबुको मुख अहिले सबै नेपालीमा पर्वको रुपमा विकसित भैरहेको छ। मुख हेर्नुको अर्थ आ-आफ्ना बाबुलाई खुशी राख्नु हो। बाबुलाई खुशी राख्न मिष्ठान्न भोजन खुवाउने तथा नयाँ वस्त्र आभुषण दिने प्रचलन रहेको छ।

बाबु अर्थात कर्मदाता। सारा दुःख आफुले सहेर सन्तानको सुखका लागि मरिमेट्ने बाबुको हाम्रो परम्परामा निकै महत्व रहेको छ। बाबुले सन्तानलाई आफ्नो थर मात्र दिदैनन्, शिक्षा र संस्कार दिन्छन्, आफ्नै खुट्टामा उभिन सिकाउँछन्, संघर्ष गर्न र चुनौतिसँग सामना गर्न सिकाउँछन्। सन्तानका लागि आमापछिको ठूलो महत्व बाबुको हुन्छ। दुनियाँमा आफूभन्दा ठूलो, सफल र शिखर चुम्न हौसला तथा प्रेरणा दिने बाबु-आमा मात्र हुन्, जो सन्ततिको खुशीमा निस्वार्थ रमाउँछन्। बाबुलाई पूर्वीय दर्शनले भगवानकै रुपमा लिने गरेको पाइन्छ। हुन त पछिल्ला दिनहरुमा स्वार्थमा लिप्त सन्ततिहरुले बाबु-आमालाई बृद्धाश्रममा राख्ने, बुढेसकालमा सहारा बन्नुपर्नेमा बोझ ठान्ने गरेको पनि पाइन्छ। जुन सरासर गलत हो। भनिन्छ, बाबु आमाको सेवामा भगवान समेत प्रशन्न हुन्छन्। अतः आजको पवित्र दिनले बाबु-आमा र सन्तानबीचको सम्बन्ध सुमधुर बनाउन सक्नुपर्छ। बाबुलाई आजको दिन मात्र होइन सधै ख्याल गर्ने, माया गर्ने भावना जागृत गराउनु पर्छ। संसारभरका सबै सन्ततिलाई बाबुहरुको तर्फबाट सफलताको शुभकामना। साथै बाबुहरुलाई सन्ततिको तर्फबाट उच्च सम्मान। आजको दिनले संस्कृति र सभ्यताको संरक्षण गर्दै पारिवारिक सम्बन्ध प्रगाढ बनाउन सहयोग पुऱ्याओस्, शुभकामना।

# गरिबी निवारणका उपाय



✍ सुदर्शन अधिकारी




सामान्यतया बिहान-बेलुकाको छाक टार्न पनि नसक्ने व्यक्तिलाई गरिबीको रेखामुनि रहेको भनेर परिभाषित गरिएको पाइन्छ। गरिबी विभिन्न कारणले हुन्छ। खासगरी रोजगारीको अभावका कारण ज्यादा गरिबी हुन्छ। यदि रोजगारी प्राप्त गर्ने हो भने आय बढ्ने र जीवनस्तरमा पनि सुधार आई गरिबी कम हुने थियो। हाम्रो सन्दर्भमा भन्ने हो भने रोजगारीको चरम अभाव छ। रोजगारीको अभावकै कारण दैनिक २५ सय युवा बिदेसिने गरेका छन्। विगत दुई दशकअघिसम्म हाम्रो जस्तै अवस्थामा रहेका देशहरूले विज्ञान, प्रविधि र उद्योगको विकास गरी विकासको फड्को मारिसकेका छन्। हामीकहाँ भने श्रमबजारमा बर्सेनि आउने गरेका करिब ५ लाख जनशक्तिलाई रोजगारी उपलब्ध गराउन सक्ने अवस्था पनि छैन।

यदि राज्यले रोजगार गराउने हो भने उनीहरूको आम्दानी बढ्ने र जीवनस्तरमा पनि सुधार आई गरिबी निवारण गर्न सहज हुने थियो। गरिबी पनि स्थान, समाज र संस्कृतिअनुसार भिन्न-भिन्न प्रकारका हुन्छन्। विद्यमान गरिबी कम गर्न निम्न उपायहरू अवलम्बन गर्नुपर्छ।

कृषिको उत्पादकत्वमा वृद्धिः नेपाल कृषिप्रधान देश भएकाले पनि कृषिको विकासबिना अन्य क्षेत्रको विकास गर्न सकिन्न। कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याई गरिबी कम गर्न सकिन्छ। यसका लागि कृषिमा सूचनाको पहुँचमा वृद्धि, उपकरणको प्रयोग तथा प्रविधिको प्रयोगमा जोड दिनु आवश्यक हुन्छ। कृषिको विकासमा जोड नदिई अन्य क्षेत्रको विकास पनि गर्न सकिँदैन।

**भूमि व्यवस्थामा सुधारः** नेपालको अधिकांश मानिसको जीविकोपार्जनको आधार कृषि भएकाले यसको विकासबिना अन्य क्षेत्रको विकास गर्न सकिन्न। हाम्रो समस्या भनेको जमिनको असमान वितरण हो। जमिनको वैज्ञानिक व्यवस्थापन, चक्लाबन्दीको व्यवस्था, साझा खेती तथा बहुबाली खेती प्रणालीको विकासमा जोड दिनुपर्छ।

**जनसंख्याको नियन्त्रणः** जनसंख्या वृद्धि हुनु भनेको पनि गरिबी बढ्नु हो। तसर्थ, जनसंख्यालाई नियन्त्रणमा राख्ने काम पनि साथै लैजानुपर्छ। यसका लागि परिवार नियोजनका बारेमा पर्याप्त मात्रामा जनचेतना वृद्धि गर्नुपर्छ भने सानो परिवारको महत्व र त्यसप्रतिको आकर्षणमा जोड दिनु जरुरी देखिन्छ। सानो परिवार भएमा उनीहरूको जीवन स्तरीय रहने सत्यतालाई आम जनस्तरमा पुऱ्याउने कार्यमा जोड दिनुपर्छ।

उपभोग ढाँचामा सुधारः नेपालको भौगोलिक विविधताले गर्दा उत्पादनमा पनि विविधता रहेकाले स्थानअनुसार भिन्न-भिन्न प्रकारका खाद्यबाली तथा अन्नहरूको उत्पादन हुन्छ। उत्पादित बालीको उचित तवरले उपभोग पनि गरिँदैन। जस्तैः कोदाको रोटी तथा ढिँडो बनाई खाएमा उत्तम हुन्छ, तर धेरैले यसलाई रक्सी तथा जाँडको रूपमा प्रयोग गर्छन्। फलफूल तथा खाद्य बालीको सही रूपमा उपभोग गर्ने परिपाटीको पनि विकास गर्न सक्नुपर्छ, साथै दुग्धजन्य पदार्थको उपभोगमा पनि उचित तरिकको अवलम्बन गर्नुपर्छ। उपभोग्य वस्तुको सही तरिकाले उपभोग गर्न सकियो भने त्यसबाट लाग्ने रोग तथा हानि कम गर्न सकिन्छ।

**प्राकृतिक साधनको उपयोगः** नेपालमा जल तथा खनिज साधन पर्याप्त मात्रामा भएर पनि त्यसको उपयोग समुचित रूपमा हुन नसक्दा अपेक्षित लाभ लिन सकिएको छैन। हामीले अन्य प्राकृतिक साधनहरूको उत्खनन गर्न सकेका पनि छैनौँ। तर, जलस्रोत नै सबैभन्दा ज्यादा सहज र सम्भावना भएको क्षेत्र बनेको छ। तथापि आर्थिक तथा प्राविधिक अभावका कारणले अपेक्षित उत्पादन भने गर्न सकिएको छैन। यसैगरी अमूल्य जडीबुटीको प्रयोगबाट पनि पर्याप्त मात्रामा आम्दानी गर्न सकिन्छ। आयुर्वेदिक औषधिको उत्पादन पनि गर्न सकिन्छ। वनजंगलबाट पनि राष्ट्रिय निकुञ्जको स्थापना गरी पर्यटन व्यवसाय सञ्चालन गरी आय आर्जन गरी गरिबी कम गर्न सकिन्छ।

**औद्योगीकरणः** सबैभन्दा धेरैलाई रोजगारी दिन सकिने क्षेत्र भनेको नै उद्योग हो। तर, हामीले भएका उद्योग पनि निजीकरणका नाममा मासिसक्यौँ। हामीले कृषिमा आधारित उद्योगको स्थापना गरी गरिबी निवारणमा काम गर्न सक्ने अवस्था भने छ। उदाहरणका लागि धानबाट चामल मिल, तोरीबाट तेल मिल, गहुँबाट मैदा मिल, सुर्तीबाट चुरोट मिल, उखुबाट चिनी मिल सञ्चालन गरी रोजगारी र उत्पादन दुवै वृद्धि गरेर गरिबी कम गर्न सकिन्छ। यसैगरी चिया, कफी उत्पादन गरी आम्दानी गरी जीवनस्तर माथि उठाउन सकिन्छ। यस्तै दूधबाट चिज, घिउ, पनिर, दहीजस्ता उत्पादन गरी आय आर्जन गर्न सकिन्छ। यस कार्यबाट रोजगारी र आम्दानी गरी समग्रमा गरिबी निवारण गर्न सकिन्छ।

**सामाजिक वातावरणमा सुधारः** हाम्रो समाजमा अनेकौं प्रकारका सामाजिक समस्या विद्यमान रहेका छन्। जातीय, धार्मिक, लैंगिक र पेसाप्रतिको विभेदले गर्दा विभिन्न खालका समस्या सिर्जना भएका छन्। कतिपय अन्धविश्वासका कारणले तल्ला जातिले उत्पादन गरेका वस्तुले बजार नपाउने समस्या पनि छ। तेलजन्य तथा दूधजन्य उत्पादनले बजार नपाउँदा उनीहरूलाई आम्दानीको क्षेत्रबाट हानिमात्र भएको देखिन्छ। तसर्थ हामीले विभेद, अपमानजस्ता सामाजिक समस्याको जरैदेखि अन्त्य गर्न प्रभावकारी रूपमा काम गर्नुपर्छ। जसले तल्ला भनिएका जातिहरूको समस्या सहज रूपमा समाधान भएर समाजमा समानताको भावनासमेत वृद्धि होस्।

**योजनाको प्रभावकारी कार्यान्वयनः** हाम्रो समस्या भनेकै योजनाको कार्यान्वयन हुन नसक्नु हो। ठूलो रकम खर्च गरेर योजना निर्माण गरिएको हुन्छ। त्यसैले योजनाको कार्यान्वयन हुन नसक्दा रकम र समय त्यसै खेर जान्छ। योजना कार्यान्वयनको थालनीदेखि नै हरेक चरण महतवपूर्ण हुने भएकाले यसमा जोड दिनुपर्छ। कुनै पनि योजनाको कार्यान्वयन गर्नका लागि विभिन्न पक्ष जिम्मेवार हुन्छन्। त्यसैले योजना निर्माणको अवस्थाबाटै विशेष ध्यान दिनुपर्छ। योजना कार्यान्वयन गर्ने निकायको कार्यक्षमता वृद्धि गर्ने तथा लालिम दिनेजस्ता कार्य गरी यसको प्रभावकारितामा जोड दिनुपर्छ।

**राजनीतिक अस्थिरताः** हाम्रो देशमा छोटो समयमा नेतृत्व फेरिने समस्याले विभिन्न कार्यक्रमको कार्यान्वयनमा समस्या आउने गरेको छ। सरकार फेरिएसँगै मुख्य व्यक्ति पनि फेरिने सरुवाको मनोमानी आदिले गर्दा गरिबी निवारणका कार्यक्रममा पनि विलम्ब हुने गरेका छन्। अघिल्लो सरकारले थालनी गरेका कार्यक्रममा अर्को प्रमुख आएपछि फेरि सो कार्यक्रम सुरुबाटै आरम्भ गर्ने या विलम्ब गरिने समस्या देखन्छ। यसले समयमा नै योजना सम्पन्न नहुने, खर्च वृद्धि हुनेजस्ता समस्या आउने गरेका छन्। हाम्रो राजनीतिक व्यवस्थाले गर्दा एउटै दलको बहुमत संसद्मा नभएकाले मिलेर सरकार गठन गर्नुपर्ने बाध्यता छ। मिलीजुली सरकार भएपछि जतिखेर पनि सरकार विघटन हुने गणितीय वास्तविकता रहने कारणले सरकारको अस्थिरता रहन्छ।

छोटो समयमा सरकार बदलिँदा त्यसको असर कार्यक्रमको प्रमुखमा समेत पर्छ। अथवा अर्को नेतृत्वले योजनाको प्रमुख नै फेरिदिने गर्दा सो कार्यक्रमका बारेमा अध्ययन गर्न पनि केही समय लाग्ने हुन्छ। यस कारण कार्यक्रमको कार्यान्वयनमा विलम्ब हुने गरेको देखिएको छ। यतिमात्र नभई लक्षित वर्गमा कार्यक्रम नपुग्ने तथा दातृ निकायको विश्वासमा पनि कमी आएर योजना नै प्रभावितसमेत भएका छन्। यी सबैको कारण भनेको राजनीतिक अस्थिरता नै हो। यस समस्याबाट बाहिर आउनका लागि दलहरूले पनि निर्वाचन प्रणाली नै फेरेर मार्ग सहज बनाउनेतर्फ विचार-विमर्श गरिरहेको अवस्था पनि छँदै छ।

सबै नीतिको माउ नीति भनेकै राजनीति भएकाले यसलाई ठीक दिशामा ल्याउन पहल गर्नु जरुरी रहेको वास्तविकता सबैका सामु छँदै छ। अब आयो सवाल, गरिबी हटाउन के-कस्ता काम गर्न सकिन्छ भन्ने। प्रथमतः गरिबी कम गर्न रोजगारी चाहिन्छ। त्यसका लागि सबैभन्दा उत्तम बाटो भनेको उद्योगको स्थापना गर्नु नै हो। तर, हामीले उद्योग स्थापना गर्नीतिर खासै ध्यान दिएका छैनौँ। उद्योगमा मात्र धेरै जनशक्तिले रोजगारी प्राप्त गर्न सक्छन्। अर्को, रोजगारीको सिर्जना गर्न सकिने क्षेत्र भनेको कृषि हो। यसलाई व्यावसायिक बनाएर आम युवावर्गको आकर्षणको क्षेत्र बनाउन जरुरी देखिन्छ। यसले उत्पादन पनि वृद्धि गर्न भने रोजगारीसमेत सिर्जना गर्छ। कृषिप्रधान देशमा खाद्यान्नको ठूलो मात्रा आयात गर्ने अवस्थामा हामी रहेका छौँ। यसलाई हटाउन पनि कृषिलाई व्यावसायिक बनाएर युवालाई रोजगारी दिने माध्यमको रूपमा विकास गर्नुपर्छ।

यसैगरी पर्यटन क्षेत्रको विकास र विस्तारमा हामीले थप जोड दिनुपर्छ। अहिले भएका पर्यटकीय स्थलको सुधार गर्ने तथा नयाँ गन्तव्यको खोजी गरी त्यसको विकास र विस्तारमा ध्यान केन्द्रित गर्नुपर्छ। जसले रोजगारी सिर्जना मात्र नगरी विदेशी मुद्राको आर्जन अनि जीवनस्तरमा सुधार ल्याउने काम गर्छ। त्यसैले माथि उल्लेख गरिएका सबै क्षेत्रको विकासमा जोड दिएमा गरिबी निवारणमा उपलब्धि हासिल गर्न सकिन्छ। (कारोबारबाट)

रोजगारीको अभावकै कारण दैनिक २५ सय युवा बिदेसिने गरेका छन्। विगत दुई दशकअघिसम्म हाम्रो जस्तै अवस्थामा रहेका देशहरूले विज्ञान, प्रविधि र उद्योगको विकास गरी विकासको फड्को मारिसकेका छन्। हामीकहाँ भने श्रमबजारमा बर्सेनि आउने गरेका करिब ५ लाख जनशक्तिलाई रोजगारी उपलब्ध गराउन सक्ने अवस्था पनि छैन।

यदि राज्यले रोजगार गराउने हो भने उनीहरूको आम्दानी बढ्ने र जीवनस्तरमा पनि सुधार आई गरिबी निवारण गर्न सहज हुने थियो।

# प्रथम तीज महोत्सवको उपाधि त्रिभुवन अक्सफोर्डलाई




**गौतमबुद्ध सन्देश**

बुटवल, १६ भदौ ।

रुपन्देहीको बुटवल उपमहानगरपालिका-८ स्थित सुख्खानगरमा आयोजना भएको प्रथम तीज महोत्सव-२०८१ को उपाधि त्रिभुवन अक्सफोर्ड टोल विकास संस्थाले जितेको छ । शनिबार भएको प्रतियोगितामा ११ टीमलाई पछि पार्दै त्रिभुवन अक्सफोर्ड टोलले उपाधि जितेको हो । उपाधिसँगै संस्थाले नगद १५ हजार रुपैयाँ समेत हात पारेको छ । कुसुम टोल विकास संस्थाले आयोजना गरेको प्रथम तीज महोत्सव २०८१ साथै दर खाने कार्यक्रममा सृजना साँस्कृतिक आमा समूह दोस्रो भइ नगद रु. १० हजार तथा भानुटोल पारिजात टोल विकास संस्था तेस्रो हुँदै नगद रु. ५ हजार रुपैयाँसहित पुरस्कृत भयो ।

एक समारोहकाबीच बुटवल उपमहानगरपालिका वडा नम्बर ८ का वडाअध्यक्ष यज्ञ प्रसाद पंगेनीले सहभागी धर्मकल्याण टोल संस्थाका सदस्यलाई मादल हस्तान्तरण गरी कार्यक्रम उद्घाटन गरेका थिए । तीजको मौलिकता जोगाउने र विकासमा टोल संस्थाको भूमिकाका बिषयमा सहभागी टोल संस्थाका कलाकारहरुको प्रस्तुति धेरै राम्रो रहेको उनले बताए । कार्यक्रममा कुसुम टोल विकास संस्थाका अध्यक्ष नारायण खनाल (लेकाली) ले तीजको अवसरमा रचनात्मक प्रतियोगिता तथा दर खाने कार्यक्रम गरेको बताए । विभिन्न दाताहरुबाट सहयोगका साथै १ घर ११ सयको अभियान चलाएर कार्यक्रम गरिएको बताए । तीजको संस्कृतिलाई टोल विकास संस्थासँग जोडेर नयाँ रुपमा कार्यक्रम गर्न सफल भएको उनले बताए । सभ्य समाज निर्माणमा टोल संस्थाबाट चलाउने सचेतना कार्यक्रम, हिंसा रोक्न चालेका अभियानका बारेमा गीतबाट बताएका थिए । यसैगरी युवालाई देशमै स्वरोजगारमूलक तालिम दिने, उद्योग कलकारखाना खोल्नेतर्फ जोड दिए ।

राष्ट्रिय कलाकारहरु नबिन पौडेल, मन्जु भट्टराई, सबिना भुसालको प्रस्तुती रहेको कार्यक्रममा ४ लाख ५० हजार रुपैया खर्च भएको संस्थाका कोषाध्यक्ष खगेन्द्र प्रसाद बेल्बासेले बताए । कार्यक्रममा संस्थाका उपाध्यक्ष हरि प्रसाद ज्ञवाली, सचिव विष्णु कंडेल, कार्यक्रम संयोजक कमला जोशीले पहिलोपटक गरिएको प्रतियोगितामा लागि धेरैको सहयोग मिलेको भन्दै टोल विकास संस्थाको आफ्नो भूमिका र सरकारबाट हुनुपर्ने पहलका बारेमा गितबाट धेरै बाहिर आएको बताए । प्रतियोगितामा १२ वटा टीमले १५ जनाको दरले भाग लिएका थिए ।

# नेपाल पत्रकार महासंघको अधिवेशन असोज ५ गते हुने




काठमाडौं । पटक पटक नयाँ मिति तोकिँदै आएको नेपाल पत्रकार महासंघको महाधिवेशनको पुनः नयाँ मिति सार्वजनिक भएको छ । पत्रकार महासंघको निर्वाचन आगामी ५ असोजका लागि तोकिएको छ ।

अध्यक्ष विपुल पोखरेलले आइतबार एक बक्तव्य जारी गर्दै सबै तहको निर्वाचन ५ असोजमा हुने जानकारी दिएका छन् ।

असोज ५ गते महासंघको सबै तहको निर्वाचन एकैसाथ सम्पन्न गर्न निर्वाचन समितिलाई पत्राचार गरिएको जानकारी गराउँछु । साथै, यो निर्वाचनलाई सफल बनाउन सबैसँग हार्दिक आग्रह गर्छु', अध्यक्ष पोखरेलले जारी गरेको बक्तब्यमा उल्लेख छ । अध्यक्ष पोखरेलले समयमा निर्वाचन हुन नसक्नुको नैति जिम्मेवारी आफुले लिने पनि जनाएका छन् ।

महासंघमा लामो समयदेखि बहसमा रहेको सदस्यता सुद्धिकरण यो पटक महत्वपूर्ण उपलब्धि हासिल भएको बक्तब्यमा उल्लेख गरिएपनि हासिल भएको उपलब्धी र पछिल्लो पटक भएको सहमतिका विषयमा भने बक्तब्यमा खुलाईएको छैन ।

सदस्यता वितरण, नवीकरण लगायत कारणले महासंघको चुनाव पटक-पटक सर्दै आएको छ ।

# भैरहवामा प्रदेशस्तरीय 'मिसेज लुम्बिनी प्रदेश-२०८१' हुदै




**गौतमबुद्ध सन्देश**

भैरहवा ।

रोटरी क्लब अफ लुम्बिनी सिद्धार्थनगरको आयोजनामा भैरहवामा प्रदेश स्तरिय "मिसेज लुम्बिनी प्रदेश-२०८१" कार्यक्रमको आयोजना हुने भएको छ। आईतबार भैरहवामा पत्रकार सम्मेलनको आयोजना गरि आयोजकले यसबारे जानकारी दिएका छन् । क्लबको पब्लिक ईमेज अर्न्तगत पहिलो प्रयास स्वरुप कार्यक्रमको आयोजना गरिएको आयोजकले बताए। क्लबका अध्यक्ष ओम जैसीका अनुसार महिला शसक्तिकरण गर्ने मूख्य उद्देश्य सहित कार्यक्रमको आयोजना गरिएको हो । यस संगै छात्र शिक्षा र भैरहवामा आईसियु जडित एम्बुलेन्स खरिद गर्ने उद्देश्य पनि कार्यक्रमले लिएको उनले बताए । कार्यक्रम संयोजक देवी गुरुङ्गले भाद्र १७ गते बाट यसको लागि फारम खुल्ला गरिने बताइन । उनले भैरहवाको काशी सिनेप्लेक्समा रहेको सचिवालय वा खल्ती एपबाट फारम भर्न सकिने बताइन । यस संगै कार्तिक १ गते देखि १२ गते सम्म अडिसन गर्ने र भैरहवा र दाङ्ग गरि दुई स्थानमा अडिसन गरिने उनले जानकारी दिइन । कार्तिक २३ गतेबाट क्लोज क्याम्प सुरु गरि मंसिरको १५ गते फाईनल गरिने उनले बताइन ।

प्रतियोगितामा प्रथम हुनेले आकर्षक क्राउन सहित नगद ५१ हजार, फर्स्ट रनर अफले क्राउन सहित नगद ३१ हजार र सेकेण्ड रनर अपले क्राउन सहित सहित नगद २१ हजार रुपैया प्राप्त गर्ने गुरुङ्गले जानकारी दिइन । २० वर्ष पुरा भएका लुम्बिनी प्रदेशका विवाहित जुनसुकै महिला पनि कार्यक्रममा भाग लिन पाउने छन् । सरीता रानाको सञ्चालनमा सम्पन्न पत्रकार सम्मेलनमा लुम्बिनी प्रेस क्लबकी अध्यक्ष सम्झना शर्माले शुभकामना मन्तब्य राखेकी थिईन ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।
ईन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो।।

## हार्दिक श्रद्धाञ्जली



### स्व. निशान्त कर्ण

यस साई ग्लोबल माध्यमिक विद्यालयको कक्षा ८ मा अध्ययनरत विद्यार्थी निशान्त कर्णको नोर्विक अस्पताल काठमाडौंमा उपचारको क्रममा मिति २०८१ भाद्र १५ गतेका दिन भएको अकल्पनीय दुःखद् निधनले विद्यालय परिवार मर्माहत भएको छ। शोकको यस घडीमा स्व. निशान्त कर्णप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकको यस घडीमा परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।

प्राचार्य (एवम्)

**साई ग्लोबल मा.वि. परिवार**

**भैरहवा, रूपन्देही**

# एलएसडीटीमा अन्तरिक्ष अनुसन्धान अध्ययन सम्बन्धी तालिम

**गौतमबुद्ध सन्देश**

भैरहवा, १६ भदौ ।

भुमार्गको सुविधा समेत राम्रोसँग उपभोग गर्न नपाएका नेपाली जनताकाबीच नेपालमा अन्तरिक्ष अनुसन्धानको कार्यचर्चा गर्दा धेरैजना अचम्म परेको एरोस्पेस इन्जिनियरले एक तालिम कार्यक्रममा बताएका छन् । रुपन्देहीको भैरहवास्थित एसियन बुद्ध होटलमा लिडरसीप स्किल्स डेभलपमेन्ट ट्रेनिङ (एलएसडीटी) को १२९ औं श्रृंखलाको प्रमुख अतिथि समेत रहेका नेपाली अन्तरिक्ष अनुसन्धान संघ (नेसरा )का संस्थापक सदस्य अनमोल मित्तलले सहभागीहरुलाई एरोस्पेस तथा नेपालमा अन्तरिक्ष अनुसन्धान अध्ययन विषयका बारेमा जानकारी गराएका थिए ।

मित्तल अन्तर्राष्ट्रिय अन्तरिक्ष विश्वविद्यालय, फ्रान्सबाट अन्तरिक्ष अध्ययनमा स्नातकोत्तर र भारतबाट एरोस्पेस इन्जिनियरिङमा स्नातक गरेका अनुभवी रणनीति सल्लाहकार हुन् । अहिले नेपालमा नै केही गर्नुपर्छ भन्दै भैरहवामा निजी विद्यालय सञ्चालन गरिरहेका छन् । कार्यक्रममा सहभागीहरुसँग अन्तरक्रिया समेत भएको र सहभागीहरुले नौलो ज्ञान पाएको कार्यक्रम सञ्चालक तथा एलएसडीटी सदस्य स्तुति पौडेलले जानकारी दिइन् । अन्तरक्रियामा पत्रकार प्रतिक पौडेलले एरोस्पेसका बारेमा सोधिएका प्रश्नको सही उत्तर दिएर पुरस्कार समेत पाएका थिए । कार्यक्रममा लोक गायिका तथा एलएसडीटी सदस्य चन्दा गुरुङले स्वागत मन्तब्य राखेकी थिइन् । १२९ औं श्रृंखलाकी अध्यक्ष ग्लोबल आईएमई बैंकको कर्मचारी तथा एलएसडीटी सदस्य प्रतिमा काफ्ले गौतमले उपस्थितिलाइ धन्यवाद व्यक्त गरिन् । उनले भनिन्, 'हामी जस्ता बैंकर्सलाई एलएसडीटी राम्रो मञ्च हो ।'




तालिमको प्रारम्भिक सहजीकरण एलएसडीटी सदस्य हरिश सेठियाले गरेका थिए । यो तालिम नियमित सदस्यहरुको स्वयं योगदानमा प्रत्येक शनिबार सञ्चालन हुन्छ ।यसको मुख्य प्रशिक्षक तथा संस्थापक विजय पाण्डे रहेका छन् । पाण्डे सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका पूर्व महासचिव पनि हुन् । तालिममा विभिन्न विषयका ज्ञाताहरुलाई आमन्त्रण गरिदै आएको एलएसडीटी व्यवस्थापन सदस्य नितु थापाले बताइन् ।
























क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# काँग्रेसले ठूलो जोखिम मोलेको छ : मन्त्री पाण्डे

**गौतमबुद्ध सन्देश**

भैरहवा, १६ भदौ।




संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री बद्री प्रसाद पाण्डेले नेपाली काँग्रेसले ठूलो जोखिम मोलेको दावी गरेका छन् । उनले एमालेसँग मिलेर सरकार बनाउनु भनेको आफैमा ठूलो जोखिम भएको बताए।

नेपाली काँग्रेस क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर ३, रुपन्देहीले भैरहवामा आयोजना गरेको भेटघाट तथा छलफल कार्यक्रममा मन्त्री पाण्डेले यस्तो बताएका हुन्। उनले भने, 'एमालेसँग मिल्नु पनि छ, सरकार चलाउनु पनि छ, २०८४ सम्म टिकाउनु पनि छ। ८४ मा उसैसँग प्रतिष्पर्धा पनि गर्नुछ। उसैसँग प्रतिष्पर्धा गर्नका लागि काँग्रेस एकताबद्ध भएर राम्रो गर्नुपर्छ। मेयरसाबले राम्रो गर्नुपर्छ। म मन्त्रीले राम्रो गनुपर्छ । वडा सदस्य, वडाअध्यक्ष र अरु मन्त्रीहरुले राम्रो गर्नुपर्छ। हाम्रा पार्टीका सार्थीहरुले राम्रो गर्नुपर्छ। '

काँग्रेसका सह-महामन्त्री समेत रहेका पाण्डेले २०८४ मा एमालेसँगको प्रतिष्पर्धा कसले राम्रो गर्यो भन्ने सन्दर्भमा काँग्रेसले राम्रो गरेको हो भन्ने कुरा देखाउने गरी बेलामा काम गर्नुपर्ने बताए। त्यो दिशामा पार्टीका निकाय र जनप्रतिनिधि केन्द्रीत हुनुपर्नेमा उनले जोड दिए । उनले लुम्बिनी विकास कोषको कर्मचारी, पदाधिकारी र छेउको बासिन्दा हुनु पनि पुण्यको काम भएको बताए। उनले भने, 'पुण्य कमाएर त्यो थलोमा जाने, त्यो थलोमा जन्मने, त्यो थलोको भूमिका निर्वाह गर्ने, पाप कमाएर निस्कनुपर्यो भने त्यो भन्दा ठूलो अपराध केही हुँदैन। त्यसैले तपाई हामी सबैले पुण्यकै बाटो खोजौं, रोजौं। पुण्यको सञ्चार कही हुन्छ भने त्यो थलो लुम्बिनी हो। भावनाले नै मानिस निर्देशित हुन्छ।'

उनले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान मात्र नभइ अब आन्तरिक उडानहरु पनि थप्नुपर्ने बताए। 'काठमाडौंको विमानस्थल जसरी चलायमान छ। यति धेरै लगानी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा भएको छ। यसलाई किन चलायमान नगर्ने, 'उनले भने । विश्वका विभिन्न मुलुकका बौद्ध धर्मावलम्बीहरु बुद्ध जन्मस्थल लुम्बिनी आउन खोजेको र सिधै भैरहवा विमानस्थलमा उनीहरुलाई अवतरण गराउन सकियो उनीहरुका लागि पुण्य प्राप्ती जस्तो हुने बताए । पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल चलाउनका लागि सरकारले सहुलियत दिने निर्णय गरेको उनको भनाइ छ। बुद्धको जन्मस्थल लुम्बिनी भएकाले संस्कृतिको केन्द्रबिन्दुमा लुम्बिनी रहेको मन्त्री पाण्डेले बताए। बुद्ध शिक्षा र बुद्ध दर्शनलाई कुनै जात र धर्म विशेषको रुपमा मान्न नमिल्ने धारणा राखे । त्यस्तै काँग्रेस क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर ३, रुपन्देहीका सभापति सुशील गुरुङले स्थलमार्ग हुँदै धेरै पर्यटक भित्रिने बेलहिया नाकालाई व्यवस्थित बनाउनुपर्नेमा जोड दिए । उनले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नचल्दा आफूहरु निराश भएको बताए। उनले भने, 'यो विमानस्थलसँग हाम्रो मन जोडिएको छ। विमानस्थललाई सञ्चालन गर्नेपर्छ।'

कांग्रेस रुपन्देही क्षेत्र नम्बर ३ (ख) का सभापति घनश्याम चालिसेको स्वागत तथा क्षेत्र नम्बर ३ का सचिव एवं प्रवक्ता लेखनाथ भट्टराईको सञ्चालनमा भएको कार्यक्रममा कांग्रेस सिद्धार्थनगर-१३ का सभापति प्रकाश बहादुर सिंह खड्का, क्षेत्रीय सदस्य रुपमाया पुन, पर्यटन व्यवसायी संजय बजिमय, सिद्धार्थनगर-१० का सभापति विजयनाथ धवल, नेपाल तरुण दलका टीका जि.सी., सिद्धार्थनगर-५ का वडाअध्यक्ष पुरन प्रसाद श्रेष्ठ, युवा नेता पंकज उदास लगायतले भनाइ राखेका थिए।

# राप्रपा निकट तीन संगठनद्वारा भैरहवामा रक्तदान




**गौतमबुद्ध सन्देश**

भैरहवा, १६ भदौ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट तीनवटा संगठनले संयुक्त रुपमा वृहत् रक्तदान कार्यक्रम गरेका छन् । राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन, रुपन्देही, राष्ट्रिय युवा मोर्चा रुपन्देही र राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन, रुपन्देहीले शनिबार भैरहवामा संयुक्त रुपमा रक्तदान कार्यक्रमको आयोजना गरेका हुन्।

'रक्तदान जीवनदान, रक्तदान महादान' भन्ने मूल नाराका साथ सिद्धार्थनगर नगरपालिका-३ स्थित खजहनामा भएको कार्यक्रममा २६ यूनिट रगत संकलन भएको राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन, रुपन्देहीका अध्यक्ष अभिजीत कुमार त्रिपाठी (चन्दन तिवारी) ले बताए।

कार्यक्रमको लुम्बिनी प्रदेश सभा उपसभामुख मेनुका खाण के.सी.ले उद्घाटन गरेकी थिइन् । कार्यक्रममा राप्रपा लुम्बिनी प्रदेश संसदीय दलका नेता आशिष कुमार चौधरी, राष्ट्रिय युवा मोर्चा रुपन्देही जिल्ला अध्यक्ष कृष्णा बोहरा, राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन रुपन्देहीका अध्यक्ष शिव कुमार थापा लगायतले भनाइ राखेका थिए । कार्यक्रमको संयोजन तथा व्यवस्थापन क्याप्टेन गौरब बोहराले गर्नुभएको आयोजकले जनाएका छन्।


## Bhumikasthan Municipality

Office of the Municipal Executive
Nuwakot, Arghakhanchi
Lumbini Province, Nepal

*Website: bhumikasthanmun.gov.np*
*E-mail: bhumikasthanmunicipality@gmail.com*

### Invitation for Bids

***First Notice Publication Date : 02-09-2024 (2081-05-17)***

1. The Bhumikasthan Municipality has allocated funds and invites electronic bids from eligible bidders for the construction of Upallapokhara Bhumekathan Pipalneta Gokhunga Motorable Road Blacktoped Works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures (Contract No: 04/BMA/W/BT/2081/082). Bidding is open to all eligible bidders as per Section V of Bidding Document.

2. Only eligible bidders with the following key qualifications should participate in this bidding:
Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years:
- Minimum Average Annual Construction Turnover: 27,540,962.13
- One partener: 11,016,384.85
- Each Partner: 6,885,240.53

3. Minimum Work experience of similar size and nature:
- Minimum work experience of similar size and nature of single blacktopped road 1,46,88,513.13 for last 10 Years

4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs.5000/- in the Project's Rajaswa (revenue) account as specified below:
<u>Information to deposit the cost of bidding document in Bank:</u>
- Name of the Bank: Prabhu Bank Ltd.
- Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
- Office Code no: 801055101
- Office Account no: 2587086986800138
- Rajaswa (revenue) Shirshak no: 14249

6. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, Arghakhanchi Lumbini Province, Nepal at 22-09-2024 13:00 hours.

7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 02-10-2024 12:00. Bids received after this deadline will be rejected.

8. Required Bid Capacity:
- The bidding capacity of the bidder should be equal to or more than the NRs. 3,30,49,154.55

9. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02-10-2024 13:00 hours at the office of Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.1152000 which shall be valid for 30 days beyond the validity period of the bid.

10. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


# अनेमसंघको तीज मिलन



**गौतमबुद्ध सन्देश**

भैरहवा, १६ भदौ।

नेकपा (एमाले) निकट अखिल नेपाल महिला संघ (अनेमसंघ) सिद्धार्थनगर नगर कमिटी, रुपन्देहीले भैरहवामा तीज मिलन कार्यक्रम-२०८१ गरेको छ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि अनेमसंघ स्थायी कमिटी सदस्य लक्ष्मी कोइराला (भावना) ले तीज पर्वलाई सामाजिक जागरणको रुपमा लिनुपर्ने बताइन्। उनले नकारात्मक पक्षलाई हटाउँदै सकारात्मक रुपमा अघि बढ्नुपर्नेमा जोड दिइन् । उनले भनिन्, 'चाडपर्वलाई कम खर्चिलो बनाउनुपर्छ, भडकिलो बनाउनुहुँदैन। तीज गीतको माध्यमबाट आफ्ना अधिकार मागेका छौं ।' त्यस्तै एमाले रुपन्देहीका उपाध्यक्ष हितराज पन्थीले अनेमसंघ अन्य राजनीतिक दलको महिला संगठन भन्दा अब्बल रहेको बताए। उनले समाजमा रहेका विकृति र विसंगतिलाई चिर्न अनेमसंघले अगुवाइ गर्नुपर्नेमा जोड दिए । अनेमसंघ केन्द्रीय सदस्य तथा रुपन्देही इन्चार्ज ज्ञानु के.सी.ले महिलाहरुको योगदान र इतिहासबारे जानकारी हुनुपर्ने बताइन् । उनले अनेमसंघ र अग्रज नेताहरुको योगदानका कारण आज महिलाहरुले स्वतन्त्र रुपमा तीज पर्व मनाउन पाएको बताइन्। अनेमसंघ रुपन्देही जिल्ला अध्यक्ष विष्णु के.सी.ले अनेमसंघ सिद्धार्थनगर नगर कमिटीले तदारुकताका साथ विभिन्न कामहरु अगाडि बढाएको बताइन् । सिद्धार्थनगर नगरपालिकाकी उपप्रमुख तथा एमाले रुपन्देही जिल्ला सचिवालय सदस्य उमा अधिकारीले अगाडि बढ्ने र नेतृत्वमा पुग्ने हो भने एकआपसमा साथ दिनुपर्नेमा जोड दिइन् । अनेमसंघ सिद्धार्थनगर नगर कमिटीकी अध्यक्ष सिर्जना जोशी कार्कीले चाडपर्वलाई सामान्य रुपमा मनाउन आग्रह गरिन् । उनले महिला पनि सक्षम भएको बताइन्। अनेमसंघ सिद्धार्थनगरकी उपाध्यक्ष मन्जु भुसाल पाण्डेको स्वागत तथा सचिव मीना क्षेत्री बलालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।

# जगर्श ग्रुपको निःशुल्क आँखा परीक्षण कार्यक्रम




भैरहवा, १६ भदौ। (गौबुस)

जगर्श ग्रुप भैरहवाले निःशुल्क आँखा परीक्षण तथा औषधी वितरण कार्यक्रम सम्पन्न गरेको छ । लुम्बिनी नेत्रालय प्रा.लि., भैरहवाको प्राविधिक सहयोगमा उक्त कार्यक्रम गरिएको जगर्श ग्रुपले जनाएको छ।

भैरहवामा जगर्श सदस्यहरु र उनीहरुका परिवारलाई लक्षित गरी कार्यक्रमको आयोजना गरिएको अध्यक्ष प्रियबन्धु न्यौपानेले बताए । कार्यक्रममा आँखा परीक्षण गर्दा समस्या देखिएका बिरामीलाई निःशुल्क औषधी समेत वितरण गरिएको न्यौपानेले जानकारी दिए । लुम्बिनी नेत्रालयका नेत्र विशेषज्ञ हिरा शाहको नेतृत्वमको टोलीले आँखा परीक्षण गरेको थियो । आफू अध्यक्ष भएपछि वार्षिक कार्ययोजना नै बनाएर कार्यक्रम गरिरहेको न्यौपानेले बताए।

# एमटीएस मोबाइलद्वारा तीज मिलन




**गौतमबुद्ध सन्देश**

भैरहवा, १६ भदौ।

महाकाल ट्रेड सप्लायर्स (एमटीएस) मोबाइल सिद्धार्थनगर नगरपालिका-१२ आवारोड, भैरहवाले तीज मिलन कार्यक्रम गरेको छ । हिन्दू नारीहरुको महान पर्व हरितालिका तीजको अवसरमा भैरहवामा तीज मिलन तथा दर खाने कार्यक्रम गरिएको एमटीएस मोबाइलको सञ्चालक आरती शर्मा गुप्ताले बताइन् । 'पहिलोपटक यो कार्यक्रम गरेको छौं, आगामी दिनमा पनि यसलाई निरन्तरता दिनेछौं, 'उनले भनिन् । कार्यक्रममा ६० जना बढी महिलाहरुको सहभागीता रहेको उनले जानकारी दिइन्।

# नेप्सेमा ५६ अंकको गिरावट

भैरहवा। नेप्सेमा आइतबार गिरावट आएको छ । आइतबार नेप्से ५६.१६ अङ्कले घटेर २६९३.४० विन्दुमा पुगेको छ। आइतबार ३३७ कम्पनीको कूल २ करोड ६० लाख ८४ हजार ८८ कित्ता शेयर १ लाख २९ हजार ७९३ पटक कारोबार हुदा १० अर्ब ४४ करोड ४ लाख ९९ हजार ११२ मा खरिद बिक्री भएका छन्। त्यस्तै, आइतबार सुपर माइ हाइड्रोको शेयर मुल्यमा सकारात्मक सर्किट लागेको छ भने पिपुल्स हाइड्रो र माइ खोला हाइड्रोको शेयर मुल्यमा नकारात्मक सर्किट लागेको छ।

**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनिक**का लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:९८५७०२१६२२, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल